## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २३ गते शनिबार ❑ 6 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## भारतसँग नेपालको समृद्धिको एजेण्डालाई प्राथमिकताका साथ उठाएको छु: सभापति लामिछाने

**रासस**
काठमाडौं, २२ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेले भारत भ्रमणका क्रममा समृद्धिको एजेण्डालाई प्राथमिकताका साथ अगाडि सारेको बताउनुभएको छ।



भारत भ्रमण सम्पन्न गरी शुक्रबार स्वदेश फर्कनुभएका सभापति लामिछानेले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै भारतसँग खेलकुददेखि सूचना प्रविधिसम्मका विषयमा सहकार्यबारे छलफल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "रास्वपा नेतृत्वको सरकारले कस्तो किसिमको सहयोग र सहभागिता चाहन्छ भन्ने कुरा स्पष्ट पारिएको छ, कनेक्टिभिटीदेखि धार्मिक पर्यटनसम्मका विषयमा हाम्रा प्राथमिकता के हुन् ? हामीले हाम्रो सम्बन्धबाट कस्तो लाभको अपेक्षा गरिरहेका छौं ? यी सबै विषयमा हामीले स्पष्ट भनाइ राखेका छौं।"

भारतमा रहेका नेपाली नागरिकका समस्या समाधानका लागि त्यहाँस्थित नेपाली दूतावास र त्यहाँ रहेका नेपाली संयन्त्रलाई अझ चुस्त बनाउने विषयमा पनि कुरा भएको उहाँले बताउनुभयो।

सभापति लामिछानेले नेपाल-भारतबीचको सीमासम्बन्धी विवादको विषय कूटनीतिक रुपमा समाधान गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "कूटनीतिको माध्यमबाट गरिने प्रयास महत्त्वपूर्ण हुन्छ, तिनको आवाज ढोल बजाएर हुँदैन, तर ढोल नबजाइकन देशका बारेमा गर्नुपर्ने ठाउँमा, गर्नुपर्ने जसरी र चरणबद्ध तरिकाले गर्नुपर्ने हुन्छ, त्यसैले कूटनीतिक ढङ्गले अगाडि बढेको छ।" भारतसँगको सीमाका विषयमा परराष्ट्र मन्त्रालयको जवाफ आधिकारिक भएको उहाँको भनाइ थियो । सभापति लामिछानेले भारतीय जनता पार्टीका अध्यक्ष र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमणका लागि निमन्त्रणा दिएको जानकारी गराउँदै त्यसबारे उहाँहरू सकारात्मक रहेको बताउनुभयो । नेपालका प्रधानमन्त्री भारत भ्रमण जाने कुरा समय र परिस्थितिअनुसार तय हुने उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "सरकार र पार्टी सञ्चालनमा प्रधानमन्त्री र मैले जिम्मेवारी बाँडफाँट गरेका छौं, सरकारलाई काममै केन्द्रित गर्ने वातावरण सृजना गरेका छौं ।" सभापति लामिछानेले भारतीय जनता पार्टी (भाजपा)का राष्ट्रिय अध्यक्ष नितिन नवीनको निमन्त्रणामा पाँचदिने भारत भ्रमणमा जानुभएको थियो । उहाँलाई आज नयाँ दिल्लीस्थित इन्दिरा गान्धि अन्तरराष्ट्रिय विमानस्थलमा नेपालका कार्यवाहक राजदूत डा सुरेन्द्र थापा तथा भारतीय जनता पार्टी (भाजपा)का विदेश मामिला विभागका प्रमुख डा विजय चौथाइवालेले बिदाइ गर्नुभएको नयाँ दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ।

भ्रमणका क्रममा सभापति लामिछानेले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री डा एस जयशङ्कर, गृहमन्त्री अमित शाह र भाजपा अध्यक्ष नवीनसँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो। सो अवसरमा दुई पक्षबीच द्विपक्षीय सम्बन्ध विस्तार तथा आपसी हितका विविध विषयमा छलफल भएको बताइएको छ । सभापति लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलमा उहाँकी धर्मपत्नी निकिता पौडेल, रास्वापाका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य विपिनकुमार आचार्य, रास्वाका सचिवालय सदस्य तथा प्रतिनिधिसभा सदस्य दीपक बोहरा र स्वकीयसचिव प्रदीप आचार्य हुनुहुन्थ्यो।

## वातावरण दिवसका अवसरमा विभिन्न स्थानमा ६ हजार वृक्षारोपण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

पोखरा महानगरपालिका क्षेत्रमा मेगा वृक्षारोपण अभियान जारी छ ।

पोखरालाई स्वच्छ शहरः हरित सहरको रूपमा विकास गर्न Green Pokhara, Clean Pokhara परियोजना अन्तरगत वृक्षारोपण अभियान थालिएको नगर प्रमुख धनराज आचार्यले बताउनुभयो । अभियान अन्तरगत विश्व वातावरण दिवसका अवसरमा शुक्रवार पोखरा महानगरपालिकाका विभिन्न क्षेत्रहरूमा ६ हजार बढी बिरुवाहरू लगाइएको छ । नगर प्रमुख धनराज आचार्यको उपस्थितिमा पोखरा उपत्यका नगर विकास समितिको कार्यालय परिसरमा विभिन्न प्रजातिका फूल तथा फलफूलका बिरुवाहरू लगाइएको छ।




नगर प्रमुख आचार्यले मेगा वृक्षारोपणको अभियानका क्रममा आ-आफ्नो स्थानबाट बिरुवाहरू लगाएर ग्रिन पोखरा क्लिन पोखरा निर्माणमा योगदान गर्न नगरवासीहरूलाई आह्वान गर्नुभएको छ । आफ्नो घर तथा पसल अगाडी लगाइएका बिरुवाहरूको नियमित गोडमेल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रतिनिधिसभा सदस्यको निर्वाचन विश्वले अध्ययन गर्न लायक थियो: पूर्वप्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, २२ जेठ

पूर्वप्रधानमन्त्री सुशीला कार्कीले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन विश्वकै लागि अध्ययन गर्न लायक रहेको बताउनुभएको छ।

निर्वाचन आयोगले आज आयोजना गरेको केन्द्रीय समीक्षा कार्यशालाको यहाँ उद्घाटन गर्दै उहाँले उक्त कुरा बताउनुभएको हो। "निर्वाचनबाट नयाँ दल र नयाँ पुस्ता विजयी भएर आउनुभएको छ । जनताले दिएको मतको सम्मान गर्दै उहाँहरूलाई काम गर्न दिनुपर्छ ।" पूर्वप्रधानमन्त्री कार्कीले भन्नुभयो।

उहाँले निर्वाचन सफल हुनुमा तत्कालीन सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, सञ्चारकर्मीलगायतका भूमिका महत्वपूर्ण रहेको चर्चा गर्नुभयो। पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले विषम अवस्थाम सरकार, आयोग र सरोकारवालाको सहयोगमा कुनै हिंसात्मक घटनाबिना निर्वाचन सम्पन्न भएको बताउनुभयो। पूर्वगृहमन्त्री ओमप्रकाश अर्यालले जेनजी आन्दोलनको विद्रोहको भावनाअनुसार सुशासन कायम र राजनीतिक संस्कार कायम भई मुलुकका स्थायित्व कायम हुनुपर्नेमा जोड दिनुभयो।

## विद्युतीय सवारी छानबिन गर्न गठित टोली मुस्ताङमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २२ जेठ

सशस्त्र प्रहरीले कोरलानाकाबाट भित्रिएका विद्युतीय सवारी साधन नियन्त्रणमा लिएपछि छानबिनका लागि गठित समिति शुक्रबार मुस्ताङ पुगेको छ।



विद्युतीय सवारी साधन नियन्त्रणमा लिएपछि अर्थमन्त्रालयले भन्सार विभाग, नीति तथा सञ्चालन महाशाखाअन्तर्गतको मूल्यांकन शाखाका प्रमुख समेत रहनुभएका निर्देशक भुपालराज शाक्यको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो। कोरलानाकाबाट पैठारी गरिएका विद्युतीय सवारीको अनुसन्धानका लागि शाक्य नेतृत्वको तीन सदस्यीय टोली शुक्रबार बेनी–जोमसोम सडकमार्ग हुँदै मुस्ताङको जोमसोम आइपुगेको मुस्ताङ भन्सार कार्यालयका प्रमुख बिदुर चुडालले जानकारी दिनुभयो।

छानविन टोली मुस्ताङ आउनुअघि पर्वत र कास्कीमा सशस्त्र प्रहरीले नियन्त्रणका लिएका विद्युतीय सवारी साधनको अनुमगन समेत गरेको भन्सार प्रमुख चुडालले जानकारी दिनुभयो । चीनबाट पैठारी गरी नेपाल भित्रिएका विद्युतीय सवारी साधन आयातमा कैफियत रहे वा नरहेको भन्ने विषयमा टोलीले अनुसन्धान सुरु गरेको हो।

टोलीले पोखरा हेम्जामा ९८ र पर्वतको कुश्मा १७ वटा विद्युतीय सवारीको अनुगमन गरेको छ । कोरलानाकाबाट भन्सार जाँचपास भई लोमान्थाङ हुँदै जोमसोम झारिएका २६६ वटा विद्युतीय सवारी साधनको समेत आजै टोलीले स्थलगत अनुगमन गरेका भन्सार प्रमुख चुडालले उल्लेख गर्नुभयो । मुस्ताङको घरपझोङ-४ जोमसोमस्थित बसपार्क क्षेत्रमा पार्किङ गरी राखिएका उक्त सवारी साधनको अनुगमन गरिएको छ।

छानविन टोली कोरलानाकामा राखिएका ३९४ वटा विद्युतीय सवारीको अनुगमनका लागि शनिबार बिहान त्यसतर्फ प्रस्थान गर्ने छ।

गत भदौ ३१ गतेदेखि सञ्चालनमा आएको कोरलानाकाबाट गत जेठको दोस्रो साता चिनियाँ कम्पनी बिवाईडीले ७७५ वटा विद्युतीय सवारी साधन नेपाल भित्र्याएको थियो।

कोरलानाकाबाट भित्रिएका ७७५ विद्युतीय सवारी साधनमध्ये ६४९ वटाको भन्सार जाँचपास भइसकेको सशस्त्र प्रहरी नायब निरीक्षक भेषराज गिरिले जानकारी दिनुभयो।


## अवैध चोरी निकासी नियन्त्रण गरौं

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियावाट आयात–निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ओझेलमा परेका पर्यटकीय गन्तव्यलाई राष्ट्रिय-अन्तरराष्ट्रियस्तरमा चिनाउने अभियान सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

गण्डकी प्रदेशका ओझेलमा परेका तथा कम प्रचारप्रसार भएका पर्यटकीय गन्तव्यलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउने उद्देश्यले पोखराका पत्रकारहरूको एक टोली अध्ययन तथा अवलोकन भ्रमणमा निस्किएको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको आर्थिक सहयोगमा आयोजित तीनदिने भ्रमणमा सहभागी पत्रकारको टोलीले तनहुँ, नवलपुर, स्याङ्जा, पर्वतलगायत जिल्लाका पर्यटकीय स्थलका साथै चितवनको सौरा र पाल्पाका विभिन्न गन्तव्यको अध्ययन तथा अवलोकन गर्ने कार्यक्रम छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेका अनुसार गण्डकी प्रदेशमा पोखरा, अन्नपूर्ण क्षेत्रलगायत विश्वप्रसिद्ध गन्तव्य चर्चामा रहे पनि ग्रामीण तथा नयाँ पर्यटकीय गन्तव्य अझै पर्याप्त रूपमा प्रचारप्रसारमा आउन सकेका छैनन्। ती स्थानमा रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदालाई राष्ट्रिय र अन्तर राष्ट्रियस्तरमा चिनाउने उद्देश्यले भ्रमण आयोजना गरिएको उहाँले बताउनुभयो। भ्रमणका क्रममा पत्रकारहरूले पर्यटकीय सम्भावना, प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, स्थानीय जीवनशैली, पर्यटन पूर्वाधार, सेवासुविधा तथा पहुँच मार्गलगायत विषयमा जानकारी लिने छन्। स्थानीयसँगको अन्तरक्रिया र स्थलगत अवलोकनबाट प्राप्त सामग्री विभिन्न सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण हुँदा प्रचार नपाएका गन्तव्यको प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको प्रमुख लामिछानेले बताउनुभयो।

भ्रमणमा सहभागी पत्रकार गोविन्द सुवेदीले कालीगण्डकी नदी आसपासका क्षेत्र, महाशिलाको प्राकृतिक तथा धार्मिक महत्व, अन्धाअन्धी दहसँग सम्बन्धित किंवदन्ती तथा पाल्पा र नवलपुरका ग्रामीण पर्यटनका विविध आयामलाई पत्रकारितामार्फत उजागर गरिने बताउनुभयो। भ्रमण दलमा विभिन्न सञ्चारमाध्यममा कार्यरत १२ जना पत्रकार सहभागी छन्।



ताल बाराहीमा जाँदै भक्तजन :
पर्यटकीय राजधानी पोखराको फेवाताल बीच भागमा अवस्थित तालबाराही मन्दिरमा दर्शन गर्न डुङ्गा सयर गरेर जाँदै भक्तजन। तस्बिरः हरिप्रसाद बाँस्तोला/रासस

# टी-२० महिला राष्ट्रिय क्रिकेट: लुम्बिनी, सुदूर र गण्डकीको विजयी सुरुआत

**रासस**
काठमाडौँ, २२ जेठ

उन्नाइस वर्षमुनिको टी-२० महिला राष्ट्रिय क्रिकेटमा लुम्बिनी, सुदूरपश्चिम र गण्डकी प्रदेशले विजयी सुरुआत गरेका छन्।

शुक्रबार देखि सुर्खेतको वीरेन्द्रनगरमा सुरु भएको प्रतियोगिताअन्तर्गत कालुङ्चोक मैदानमा भएको पहिलो खेलमा पाहुना टोली लुम्बिनीले घरेलु टोली कर्णालीलाई ५४ रनले हराउँदै सुखद सुरुआत गरेको हो।

वीरेन्द्रनगर मैदानमा भएको अर्को खेलमा सुदूरपश्चिमले पूर्वेली टोली कोशीमाथि ८९ रनको जीतसहित प्रतियोगितामा विजयी सुरुआत गरेको हो। टस जितेर ब्याटिङको लागि निम्ता पाएको लुम्बिनीले कर्णालीविरुद्ध पूरै ओभर खेल्दा चार विकेटको क्षतिमा १४४ रन बनाएको थियो।

लुम्बिनीका लागि सोविका शाहीले सर्वाधिक १९ रन बनाउँदा रिसाना विश्वकर्माले १७ र उमा चौधरीले १६ रनको योगदान दिइन्। कर्णालीका लागि सुप्रिया बुढाले तीन विकेट हात पार्दा आशना चौधरी र आयुषा बरालले समान दुई-दुई विकेट लिएका हुन्।

सुदूरपश्चिमले सावित्री धामीको आक्रामकमा ४१ र रश्मी सुनारको ३५ रनको योगदानमा पहिलो खेलमा जित निकाल्यो। सुदूरलाई बलियो सुरुआत दिलाउने क्रममा ओपनर धामीले ३५ बलमा ४१ र सुनारले ३० बलमा ३५ रन जोड्दा जयन्ती भण्डारीको २० रन जोडिन्। यो सुदूरको जितका लागि महत्वपूर्ण आधार बन्यो।

एक सय ५१ रनको लक्ष्य पछ्याएको कोशी सुदूरपश्चिमका बलरसामु निरीह बने। कोशीका कुनै पनि ब्याटरले दोहारो अङ्क रन जोड्न सकेनन्। सुदूरका लागि अञ्जु पार्कीले चार विकेट लिँदा आशिकाकुमारी महरा र मनिषा चौधरीले दुई-दुई विकेट लिए।

प्रतियोगिताअन्तर्गत शुक्रबारभएको तेस्रो खेलमा गण्डकीले बागमतीमाथि सात विकेटको फराकिलो जित निकाल्यो। टस जितेर पहिला ब्याटिङ रोजेको बागमतीका लागि अएली यादवले नटआउट ३२ रनको योगदान दिँदा ओपनर सेविकाकुमारी यादवले १८, पूजा साउद र सम्भाव्या ढकालले समान १२-१२ रन जोडिन्।

गण्डकीतर्फबाट कुसुम गोदार, नीरु जिटी, रञ्जना साउदले समान दुई-दुई विकेट लिएका छन्। ९६ रन पछ्याउन क्रिज उत्रिएको गण्डकीका लागि चन्द्रमाया बरालले ४१ बलमा ३८ तथा श्रेया शाहले जोडेको २२ रनको योगफल जितका लागि पर्याप्त भयो।

# नेपालमा मनसुन आउन एक साता लाग्ने

**रासस**
काठमाडौँ, २२ जेठ

नेपालमा मनसुन भित्रिन अझै एक साता लाग्ने भएको छ। जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलका अनुसार अहिले दक्षिण भारतको केरला र तमिलनाडुमा मनसुन आइपुगेको र बङ्गालको खाडी हुँदै नेपालमा मनसुन आइपुग्न एक साता लाग्ने छ।

मौसमविद् पौडेलले भन्नुभयो, "यही समयमा मनसुन भित्रिन्छ भन्ने एकिन गरी भन्न सकिँदैन। तर, एक हप्ता आसपासमा मनसुन भित्रिने अनुमान गरिएको छ। तीनचार दिनमा बङ्गालको खाडीमा मनसुन पुग्ने देखिन्छ, त्यसपछि नेपालमा आउँदा एक हप्ता आसपास वा केही अघि वा केही दिनपछि पनि हुनसक्छ।" उहाँका अनुसार कहिलेकाहीँ मनसुन छिटो सक्रिय भए छिट्टै भित्रने र ढिलो सक्रिय भए ढिलो आउने हुन्छ।

नेपालमा औसत जुन १३ तारिखमा मनसुन भित्रिने मिति हो। तर, भारतमा तोकिएको औषत मिति जुन १ मा मनसुन भित्रिनेमा यसपालि केही ढिला गरेर भित्रिएको छ। त्यसैले नेपालमा पनि निर्धारित मितिभन्दा केही ढिला भित्रिने अनुमान गरिएको मौसमविद् पौडेलले जानकारी दिनुभयो।

"सामान्यत केरलामा आएको एक हप्ताभित्र नेपालमा आउने हो तर त्यसको गति भने प्रणाली कति सक्रिय हुन्छ त्यसले निर्धारण गर्ने हुनाले हप्ता आसपास मनसुन भित्रिने अनसमान छ", उहाँले भन्नुभयो।

यसपालि मनसुनमा औसतभन्दा कम वर्षा हुने र गर्मी बढी हुने आकलन गरिएको छ। कुनैकुनै क्षेत्रमा अतिवृष्टि वा अनावृष्टि हुने सक्ने सम्भावनासमेत रहेको मौसमविद्हरूले अनुमान गरेका छन्।

यसपालि मनसुनको समयमा ५१ हजार परिवारका दुई लाख २६ हजार नागरिक प्रभावित हुने अनुमान गरिएको उल्लेख गर्दै सोहीअनुसार प्रतिकार्य राष्ट्रिय योजना बनाएर लागू गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिनुभयो।

# कांग्रेसको क्रियाशील सदस्यता अद्यावधिक गर्ने म्याद जेठ २८ सम्म थप

**रासस**
काठमाडौँ, २२ जेठ

नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक गर्न अन्तिम पटकका लागि समय थप गरेको छ।

कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले पार्टीको सदस्यता व्यवस्थापन केन्द्रीय समितिको बैठकले आगामी जेठ २८ गते राति १२ बजेसम्मका लागि समय थप गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

कांग्रेसले देशभर क्रियाशील सदस्यता अद्यावधिकको कार्य उत्साहजनक रूपमा अगाडि बढिरहेको जनाएको छ। विभिन्न तहबाट सदस्यता अद्यावधिकका लागि समय अपुग भएको जानकारी प्राप्त भएकाले अन्तिम पटकका लागि म्याद थप गरिएको उहाँले बताउनुभयो। "विभिन्न तहबाट सदस्यता अद्यावधिकका लागि समय अपुग भएको जानकारी प्राप्त हुन आएकोले सदस्यता व्यवस्थापन केन्द्रीय समितिको बैठकको निर्णयानुसार क्रियाशील सदस्यता अद्यावधिक गर्ने समयावधि आगामी जेठ २८ गते राति १२ बजेसम्म अन्तिम पटकका लागि कायम गरेका छौँ", कावा मुख्यसचिव दुलालले भन्नुभयो। कांग्रेसले निर्धारित अवधिभित्र आआफ्नो सदस्यता अद्यावधिक गर्ने कार्य अनिवार्य रूपमा सम्पन्न गर्न सम्बन्धित सबैलाई अनुरोध समेत गरेको छ।




# वातावरण ...

तथा संरक्षण गर्दै वातावरणीय स्वच्छता प्रवर्द्धन गर्न उहाँले आग्रह गर्नुभयो।

अभियान अन्तरगत लामो अध्ययन पश्चात् वन विज्ञान अध्ययन संस्थान र वन तथा वातावरण सम्बन्धी विज्ञहरूको सुझाव अनुसार नगर क्षेत्रको ७ सय किमी सडक तथा राजमार्ग, झन्डै ६७ कि.मी नदी तथा खोला किनार, २९ सार्वजनिक स्थलको १२५ हेक्टर खुला क्षेत्रमा ३८ प्रजातिका २ लाख २६ हजार बिरुवाहरू लगाइने उहाँले बताउनुभयो।

पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले ग्रिन पोखरा क्लिन पोखराको अभियानलाई सार्थक तुल्याउन हरेक नगरवासीहरूले आफ्ना अगाडीका बिरुवाहरूको संरक्षणको दायित्व लिनुपर्ने बताउनुभयो।

आफ्ना वरपरको वातावरणलाई सफा स्वच्छ र हराभरा बनाउनका लागि महानगरपालिका यहाँहरूको साथमा रहेको उल्लेख गर्दै उहाँले महानगरको अभियानमा साथ दिन आग्रह गर्नुभयो। विज्ञहरूको सुझाव अनुसार महानगर क्षेत्रमा पहिचान गरिएको क्षेत्रमा लगाउन सकिने बिरुवाहरूमा वर, पिपल, शमी, पैयुँ, कोइरालो, टाँकी, लाली गुराँस, असारे, आँप, अमला, अशोका, कल्की फुल, राइखन्यु, गुलमोहर, बैँस, लालुपाते, कागज पाते, पालम, धुपी, बाँस, खयर, सिसौ, पाखुरी, राजवृक्ष, रातो पाते, सिना एक्साटाविलिस, टिकोमा, कपुर, लिची, किम्बु, बेल, अम्बा, निमारो, कदम, रुद्राक्ष, बेडुला, नारेश्वर, जङ्गली केरा लगायत छन्।

# श्रमदान गरेर बनाएको खेल मैदानलाई रङ्गशाला बनाईंदै

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ जेठ

तमानखोला गाउँपालिका-३ तमान गाउँमा स्थानीयले २०६७ सालमा श्रमदान गरेर बनाएको खेलमैदानलाई रङ्गशालामा रुपान्तरणको प्रयास थालिएको छ।

गाउँमा खेलप्रति युवापुस्ताको आकर्षण बढ्दै गएपछि उक्त खेल मैदानलाई रङ्गशालाका विस्तार गर्न स्थानीय जुटेका छन्।

रङ्गशाला निर्माणका लागि रु सात लाखको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गरेर प्रारम्भ भएको रङ्गशाला निर्माणमा गाउँपालिका, प्रदेश सरकार र सङ्घीय सरकारबाट प्राप्त रु तीन करोड खर्च भइसकेको तमानखोला गाउँपालिका-३ का अध्यक्ष झकबहादुर बुढामगरले जानकारी दिनुभयो। हालसम्म रङ्गशालाको ७५ प्रतिशत काम पूरा भएको छ। जिल्ला फुटबल सङ्घका सदस्य प्रेम बुढामगरले तमान क्षेत्रमा वर्षौं अगाडिदेखि नै भलिबल, फुटबललगायत सानाठूला प्रतियोगिता हुने गरेका भए पनि रङ्गशालाको अभावमा खेल सञ्चालन गर्न आफूहरूले समस्या भोग्नुपरेको स्मरण गर्दै अब व्यवस्थित रुपमा प्रतियोगिता सञ्चालन गर्न सहज हुने बताउनुभयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सिद्धार्थ राजमार्ग स्तरोन्नति हुने 'द्रुतमार्ग बन्दै'

पोखरापत्र संवाददाता
स्याङ्जा, २२ जेठ

आउँदो वर्षको बजेटमार्फत सरकारले पोखरा-बुटवल जोड्ने सिद्धार्थ राजमार्गलाई द्रुतमार्गका रूपमा विकास गर्ने भएको छ। संघीय संसदको संयुक्त बैठकमा शुक्रबार आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले द्रुतमार्ग बनाउने घोषणा गरेका हुन्।

घोषणा अनुसार राजमार्गको स्तरोन्नति र विस्तारको काम यसै वर्ष सुरु गरिने उनले बताए। डा. वाग्लेले सिद्धार्थ राजमार्गलाई आधुनिक सडक बनाउने योजना अघि सारे पनि बजेटको निश्चित रकम भने उल्लेख गरेका छैनन्। बजेटमा रकम उल्लेख नभएपनि द्रुतमार्ग बन्नेमा राजमार्ग आसपासका स्थानीय आशावादी छन्। सिद्धार्थ राजमार्गसँगै चर्चित सिद्धबाबा सुरुङमार्गको काम पनि यसै वर्ष सकिने भएको छ। डा. वाग्लेले उक्त सुरुङमार्ग निर्माण कार्य यही वर्ष सम्पन्न हुने जानकारी दिए। सिद्धबाबा खण्डको जोखिम अन्त्य गर्न सुरुङमार्गले ठूलो सघाउ पुऱ्याउने विश्वास गरिएको छ। सिद्धबाबा सुरुङमार्ग पूरा भएपछि पाल्पा र बुटवल खण्डको यात्रा सुरक्षित र भरपर्दो हुनेछ। पोखरादेखि बुटवलसम्मको सिद्धार्थ राजमार्गको लम्बाइ झण्डै १ सय ८० किलोमिटर छ। पहाडी भूगोलका कारण राजमार्ग निकै साँघेरो र घुमाउरो छ। यसलाई द्रुतमार्ग बनाउँदा हालको दूरी निकै घट्ने सम्भाव्यता अध्ययनले देखाएको छ। सरकारले यसअघि नै सडकको विकल्प र सुरुङमार्गका बारेमा प्राविधिक अध्ययन गराएको थियो। नयाँ प्रविधि प्रयोग गरेर सडकको दूरी छोट्याउने र यात्रा सहज बनाउने सरकारको लक्ष्य छ।



जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले सिद्धार्थ राजमार्गको पोखरा-बुटवल खण्डको सुधारका लागि एसियाली पूर्वाधार विकास बैंक (एआइआइबी) बाट प्राप्त २० लाख अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको थियो। गएको माघ ९ गतेको मन्त्रिपरिषद् बैठकले राजमार्गको सुधार आयोजना तयारीका लागि उक्त वैदेशिक अनुदान लिने निर्णय गरेको हो।

राजमार्गको स्तरोन्नतिका लागि आवश्यक तयारी र अध्ययनमा रकम परिचालन गरिनेछ। केहि समयअघि वन तथा वातावरण मन्त्रालयले पोखरा-बुटवल सडक स्तरोन्नति परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन सार्वजनिक गरिसकेको छ। प्रतिवेदन अनुसार राजमार्गको स्तरोन्नतिका लागि १९ अर्ब ७५ करोड ९० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष महादेव श्रेष्ठले बताए। ४ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनामा ९ अर्ब ३७ करोड २० लाख रुपैयाँ पुल र सुरुङ निर्माणमा मात्रै खर्च गरिने प्रस्ताव छ। स्तरोन्नतिपछि सडकको चौडाइ ५० मिटरसम्म पुग्नेछ। सडकका दुवैतर्फ १.५ मिटरको सोल्डर र १ मिटरको नाली रहने प्रतिवेदनमा उल्लेख छ। भारतीय आर्थिक सहयोगमा २०२२ देखि निर्माण सुरु भई २०२८ मा सम्पन्न भएको १८० किलोमिटर लामो राजमार्गको उद्घाटन २०२९ वैशाखमा तत्कालीन राजा वीरेन्द्रले पोखरामा गरेका थिए। हाल राजमार्ग साँघुरो सडक र घुम्तीका कारण जोखिमपूर्ण मानिन्छ। विशेष गरी स्याङ्जा, वालिङ, बजार र आसपासको खण्डमा दुई लेनको सडक, फुटपाथ र नाली नहुँदा पैदल यात्री र सवारी चालकले सास्ती खेप्दै आएका छन्। राजमार्गमा ३४ वटा पुल छन् भने कालीगण्डकी नदीमाथिको राम्दी पुल सबैभन्दा लामो र जीर्ण अवस्थामा छ, त्यसको बिकल्पमा नयाँ पुल बनिरहेको छ।

नयाँ योजना अनुसार सडकका घुम्तीहरू घटाउन ३८ ठाउँमा पुल संरचना (भायाडक्ट), ५ ठाउँमा सुरुङमार्ग र बाइपासको प्रस्ताव गरिएको छ। स्याङ्जाको भालुपहाड, रामकोष, विष्णुपँधेरामा ५ सय मिटरभन्दा कम लम्बाइका सुरुङ बनाउने गरी सडकको डिजाइन गरिएको छ। यसले यात्रालाई सुरक्षित र छोटो बनाउने विश्वास गरिएको छ। विस्तृत इन्जिनियरिङ अध्ययन अनुसार सडकको ढलान, घुम्तीको अर्धव्यास र सडकको सतह नेपाल सरकारको मापदण्ड अनुरूप हुनेछ। प्रतिवेदन अनुसार सडक विस्तारका क्रममा ५४.१२ हेक्टर जग्गा आवश्यक पर्नेछ। यस अन्तर्गत ४१.४२ हेक्टर खेतीयोग्य जमिन र १२.१८ हेक्टर वन क्षेत्र रहेको छ। आयोजनाका कारण २ हजार ९ सय ८२ वटा रूख काटिनेछन् भने ३ सय ५५ घरधुरी प्रत्यक्ष प्रभावित हुने प्रतिवेदनमा उल्लेख गरिएको छ।

यस्तै २१ संस्थागत भवन, ४५ वटा बस बिसौनी, २३ वटा सार्वजनिक धारा र १३ वटा मठ-मन्दिरमा क्षति पुग्ने अनुमान गरिएको छ। पोखरा-बुटवल जोड्ने राजमार्ग व्यापारिक र पर्यटकीय दृष्टिकोणले निकै महत्वपूर्ण मानिन्छ। द्रुतमार्ग निर्माण भएपछि दुई सहरबीचको यात्रा समय आधाभन्दा धेरैले घट्नेछ। सिद्धार्थ राजमार्गको स्तरोन्नति गर्ने कुरा पटकपटक आए पनि बजेटको अंक नतोकिँदा स्थानीय बासिन्दा पूर्ण आश्वस्त हुन सकेका छैनन्। यद्यपि यसअघि अध्ययनका लागि एआइआइबीको सहयोग स्वीकार गर्नु र बजेटमा समेटिनुले केही आशा जगाएको स्थानीय कुलानन्द लम्सालले बताए।

राजमार्ग द्रुतवमार्ग बनेमा तराइ-पहाड जोड्ने देशकै छोटो राजमार्गले हजारौ नागरिकलाई स्वरोगार बनाउने विश्वास गरिएको छ। नेपाल-भारतको सिमना सुनौलीबाट भित्रने हजारौं भारतीय सवारी साधनका यात्रुहरु बुटवल-पाल्पा र स्याङ्जा-पोखरा हुँदै मुक्तिनाथ दर्शन गर्न पुग्नेछन्। राजमार्गको स्तरोन्नति भएमात्रै प्रदेशको आयआर्जनमा ठूलो परिवर्तन आउने अपेक्षा गरिएको छ।

# कालिका मन्दिर परिसरमा वृक्षरोपण

पोखरापत्र संवाददाता
बागलुङ, २२ जेठ

बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिको आयोजनामा बागलुङको कालिका मन्दिर परिसरमा वृक्षरोपण गरिएको छ।

मन्दिर परिसरमा कल्की फूल, अमला, तेजपात, कपुरलगायत जडीबुटीका झण्डै १०० औषधीय गुण भएका बिरुवा रोपिएको हो।

डिभिजन वन कार्यालयको अगुवाइमा धार्मिक महत्त्व तथा पर्यावरणलाई सन्तुलित राख्ने उद्देश्यले विश्व वातावरण दिवसका सन्दर्भमा वृक्षरोपण गरिएको डिभिजन वन कार्यालय बागलुङका प्रमुख सरोज पन्थीले जानकारी दिनुभयो। कालिका मन्दिरमा देश तथा विदेशबाट धार्मिक पर्यटक आउने गर्छन्।

बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले यहाँ लगाइएका बिरुवालाई हुर्काउने र संरक्षण गुठीले गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्य, नेपाली सेना, नेपाल प्रहरी र कर्मचारीले वृक्षरोपण गरेका हुन्। वन कार्यालयले मन्दिरको फोहर व्यवस्थापनका लागि २० थान डस्टबिन सहयोग गरेको छ।

# कागबेनी–मुक्तिनाथ सडक स्तरोन्नति सुरु

पोखरापत्र संवाददाता
मुस्ताङ, २२ जेठ

यहाँको वारागुङ मुक्तिक्षेत्र–१ स्थित हिन्दू तथा बौद्धमार्गीको पवित्र धार्मिकस्थल मुक्तिनाथ मन्दिर जोड्ने कागबेनी-मुक्तिनाथ सडक खण्डको मर्मत तथा स्तरोन्नति सुरु भएको छ।

हिमपात र वर्षाका कारण बर्सेनि दर्जनौं स्थानमा सडक भाँसिदा र भत्कदा जीर्ण बन्दै गएपछि उक्त सडक मर्मत तथा स्तरोन्नति सुरु गरिएको हो।

गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गत पूर्वाधार विकास कार्यालयले कागबेनी-मुक्तिनाथ १२ किमी सडक खण्डको मर्मत तथा स्तरोन्नति सुरु गरेको हो।

उक्त सडक मर्मत तथा स्तरोन्नतिका लागि धोर्जे फूर्वा निर्माण सेवा र पूर्वाधार विकास कार्यालयबीच सालबसाली ठेक्का सम्झौता भएको छ। मुक्तिनाथ जोड्ने उक्त सडकको अहिले बारागुङ-१ को खिङ्गादेखि झारकोटसम्मको अप्ठ्यारो खण्डमा मर्मत तथा स्तरोन्नति गरिँदैछ। कागबनीदेखि माथिको मुक्तिनाथ जाने उकालोको घुम्तिमा सम्याएर सडक चौडा गरिने पूर्वाधार विकास कार्यालयका सवइञ्जिनीयर जगदीश जोशीले जानकारी दिनुभयो। मुक्तिनाथ झारकोट गाउँको ओरालो नजिक सडक अप्ठ्यारो र जीर्ण बन्दै गएको स्थानमा दुईतर्फी सवारी सञ्चालन गर्न मिल्ने गरी पर्खाल निर्माण भइरहेको सवइञ्जिनियर जोशीले बताउनुभयो। उक्त सडक चालु आवको असारसम्ममा सम्पन्न गरिने पूर्वाधार विकास कार्यालय मुस्ताङले जनाएको छ। उक्त सडकको मर्मत तथा स्तरोन्नतिसँगै सडक किनारमा थुप्रिएको माटो पन्छाइने छ। सोही क्षेत्रका वडाध्यक्ष प्रवेश गुरुङले दैनिक सयौं सवार ीसाधन ओहरदोहर गर्ने उक्त सडक केही स्थानमा भत्किदा सवारीसाधनको आवतजावतमा समस्या परिरहेको बताउनुभयो।

बर्सेनि हिमपात र वर्षाले सडक भाँसिने, पुरिने, हिलाम्मे हुने र सडक संरचनामा क्षति भएपछि मर्मत सुधार गरी सडक सहज बनाउने प्रयास भइरहेको वडाध्यक्ष गुरुङले उल्लेख गर्नुभयो। 'बर्सेनि हिमपात र वर्षाले सडकमा क्षति हुने गर्छ, वर्षमा पाँच/छ पटकसम्म सवारी आवागमनमा समस्या हुन्छ, वडाध्यक्ष गुरुङले भन्नुभयो, "समस्या समाधान गर्न सडक मर्मत सुधारको काम अघि बढाएका हौ।"

सडक असहज हुँदा मुक्तिनाथ आवतजावत गर्ने ठूला सवारीसाधनलाई समस्या हुने गरेको थियो। साँघुरो घुम्ती मोडमा ठूला सवारीसाधनलाई मोड नपुग्दा सवारी दुर्घटनाको जोखिम थियो। सडक मर्मत तथा स्तरोन्नति कार्यले मुक्तिनाथ जाने सवारीसाधनलाई आवतजावतमा सहयोग पुग्ने छ। यसअघि विसं २०७४ मा यहाको पवित्र धार्मिकस्थल मुक्तिनाथ जोड्ने कागबेनी-मुक्तिनाथ १२ किलोमिटर सडकको साविक जिल्ला विकास समितिमार्फत स्थानीय कृषि पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) ले सडक कालोपत्र गरेको थियो।

सडक कालोपत्र भएको झण्डै आठ वर्षको अन्तरालमा उक्त सडकको खिङ्गादेखि झारकोटसम्मको दुरीमा कालोपत्र सडक उप्किने, बिग्रने र सडक संरचनामा क्षति पुगेको हो।

# ऐतिहासिक महत्वको 'ओखती पानी' संरक्षणको प्रतीक्षामा

पोखरापत्र संवाददाता
स्याङ्जा, २२ जेठ

यहाँको ऐतिहासिक महत्व बोकेको परम्परागत ओखती पानी संरक्षणको पर्खाइमा छ। स्याङ्जाको भीरकोट नगरपालिका-८ ओकादीमा रहेको ओखती पानी संरक्षणको पर्खाइमा रहेको हो।

कुनै समयमा यहाँका स्थानीय तथा बटुवाले पिउन तथा औषधिको रुपमा प्रयोग गर्दै आएको यहाँको पानी पछिल्लो समय प्रयोगमा आउनेक्रम हराउँदै गएको छ।

परापूर्वकालदेखि गाउँलेले दैनिकरुपमा यहाँको पानी पिउनका लागि मात्र नभई विविध औषधिका रुपमा पनि उपयोग गर्दै आएको स्थानीय ८० वर्षीय नन्दबहादुर गुरुङले बताउनुभयो।

"ओखती पानी मुहानको पानीको विशेष महत्व रहेको छ", उहाँले भन्नुभयो, "परापूर्व कालदेखि यहाँको पानी पिउन र विविध औषधिका रुपमा उपयोग गरिँदै आइरहेको छ।"

मुहानको अमृतमय पानीको नामबाट नै यस गाउँलाई ओखती गाउँ भनिँदै आएकोमा कालान्तरमा ओकादी हुन पुगेको जनविश्वास छ। ज्वरो लगायतका बिरामी हुँदा यहाँको पानी औषधिको रुपमा प्रयोग गरिँदै आए पनि पछिल्लो समय यसको महत्व बुझाउन नसक्दा संरक्षण हुन नसकेर ओझेलमा परेको स्थानीय डिलबहादुर गुरुङ बताउनुहुन्छ।

"कुनै समय ओकादी गाउँका २२ घरधुरीको मुख्य पिउने पानीको स्रोत नै यही कुवा थियो", उहाँले भन्नुभयो, "पछिल्लो समय घरघरमा धारा जडान गरी अन्यबाट पानी आउन थालेपछि यसको महत्व हराउँदै गएको हो।"

ओखती पानीको नामबाट नै यहाँको गाउँको नाम ओकादी रहन गएको पाईन्छ। ओखती पानीको संरक्षण साथै प्रवर्द्धन र प्रचारप्रसार गर्ने उद्देश्यसहित विसं २०७५ देखि ओकादी गाउँमा 'ओखती पानी तमु नासा होमस्टे' सञ्चालनमा छ।

टाढा टाढाबाट आउने पाहुनालाई गाउँको मौलिक भेषभूषा, कला संस्कृतिका साथ ओखती पानीको विशेषताबारे जानकारी गराउने गरिएको उहाँले बताउनुभयो। पछिल्लो समय भने यसको संरक्षण तथा प्रवर्द्धनमा केही स्थानीयले चासो दिन थालेका छन्। कुवालाई पानीको स्रोतका रुपमा मात्रै नहेरी यसलाई ऐतिहासिक महत्व, गाउँको पहिचानसँग जोडिएको विषयका रुपमा विकास गर्दै जानुपर्ने उहाँले बताउनुभयो। परापूर्वकालदेखिको इतिहास बोकेको ओखती पानीको संरक्षण गर्दै यसको प्रवर्द्धनका लागि वडा कार्यालयले काम गरिरहेको वडाध्यक्ष नन्दलाल खनालले बताउनुभयो।

गाउँसम्म पाहुनालाई सहजरुपमा आउनका लागि सडक निर्माण, गाउँ नजिकै बाल उद्यान, वनभोजस्थल लगायतका पूर्वाधार निर्माण भइरहेका छन्।

# विश्व वातावरण दिवसको अवसरमा तनहुँमा वृक्षरोपण

पोखरापत्र संवाददाता
दमौली, २२ जेठ

विश्व वातावरण दिवसको अवसरमा तनहुँमा वृक्षरोपण गरिएको छ।

कर्मचारी मिलन केन्द्र, तनहुँको आयोजनामा व्यास नगरपालिका-४ स्थित बाघभञ्ज्याङ सामुदायिक वनमा आज वृक्षरोपण गरिएको हो। कर्मचारी मिलन केन्द्रका अध्यक्ष एवं डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले वातावरण हरियाली बनाउन विभिन्न प्रजातिका बिरुवा रोपिएको जानकारी दिनुभयो। वन तथा वातावरण संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्नु आजको आवश्यकता भएको बताउँदै उहाँले वृक्षरोपण केवल बिरुवा रोप्ने कार्यमा सीमित नभई त्यसको संरक्षण र हुर्काउने जिम्मेवारी पनि उत्तिकै महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले वातावरण संरक्षणका लागि वृक्षरोपण प्रभावकारी माध्यम भएको उल्लेख गर्दै वन, पानी र जैविक विविधताको संरक्षणमा सबै पक्षको सक्रिय भूमिका आवश्यक रहेको बताउनुभयो। व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बढ्दो सहरीकरण र वातावरणीय चुनौतीका बीच वृक्षरोपण अभियानलाई निरन्तरता दिनुपर्ने बताउनुभयो। प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले वातावरण संरक्षण कुनै एक निकायको मात्र जिम्मेवारी नभई सम्पूर्ण समाजको साझा दायित्व भएको बताउनुभयो।

# त्रिशूली नदीमा माछा मार्ने क्रममा किशोर बेपत्ता

पोखरापत्र संवाददाता
दमौली, २२ जेठ

तनहुँको देवघाट गाउँपालिका-४ गाईघाटस्थित त्रिशूली नदीमा माछा मार्ने क्रममा शुक्रबार बिहान एक किशोर नदीमा डुबेर बेपत्ता भएका छन्।

स्थानीय १५ वर्षीय प्रवीन भुजेल बल्छीले माछा मार्ने क्रममा बल्छी तान्दा चिप्लिएर नदीमा खसेका थिए।

नदीमा खसेपछि उनी बेपत्ता भएको प्रहरीले जनाएको छ।

घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय देवघाटका इञ्चार्ज प्रहरी नायब निरीक्षक तीर्थराज शर्माको कमाण्डमा प्रहरी टोली परिचालन गरी खोजी सुरु गरेको जनाइएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाव |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# परराष्ट्रमन्त्री खनाल नयाँ दिल्लीमा

रासस
काठमाडौं, २२ जेठ

परराष्ट्रमन्त्री शिशिर खनाल भारतका विदेशमन्त्री डा एस जयशङ्करको मैत्रीपूर्ण निमन्त्रणामा नयाँ दिल्ली पुग्नुभएको छ। यही जेठ २२ देखि २४ गतेसम्म भारतको औपचारिक भ्रमणका लागि उहाँ आज नयाँ दिल्ली पुग्नुभएको हो।

उहाँलाई नयाँ दिल्लीस्थित इन्दिरा गान्धि अन्तरराष्ट्रिय विमानस्थलमा भारतका लागि नेपालका कार्यवाहक राजदूत डा सुरेन्द्र थापा तथा भारतको परराष्ट्र मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले स्वागत गर्नुभएको थियो। मन्त्री खनाल आज दिउँसो त्यसतर्फ प्रस्थान गर्नुभएको थियो। भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले उहाँका समकक्षी डा जयशङ्करसँग औपचारिक भेटवार्ता गर्नुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ। भेटमा उहाँहरूबीच द्विपक्षीय व्यापार, लगानी, सम्पर्क सञ्जाल (कनेक्टिभिटी), ऊर्जा तथा जनस्तरका सम्बन्धलगायत विषयमा छलफल हुनेछ। परराष्ट्रमन्त्री खनाल भ्रमण सम्पन्न गरी यही जेठ २४ गते काठमाडौं फर्कने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ।


## सार्वजनिक सूचना

स्याङ्जा जिल्ला मल्याङ्कोट-३ बस्ने गिरमान गुरुङको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ४९६० को क्षेत्रफल २५६.३५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ तर्फ कि. नं. ४८६८ र उत्तर तर्फ कि. नं. ५५०५ को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# स्याङ्जामा हुट र छत राखेका सवारीसाधनलाई निषेध

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २२ जेठ

जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले हुट र छत राखेका सवारीसाधनलाई चलाउन रोक लगाएको छ।

बर्षायाम शुरु भएसगै राजमार्ग र ग्रामिण क्षेत्रमा चल्ने सवारीसाधनको यात्रा जोखिमपुर्ण हुने भन्दै हुट र छत राखेर चलाउन रोक लगाएको हो । दुर्घट्ना न्युनिकरण गर्ने अभियान अन्तर्गत ट्राफिक प्रहरीले अहिले धमाधम सवारीसाधनका हुट र छत हटाउन सक्रियता बढाएको छ। अहिले सम्म १ सय १० सवारीसाधनका हुट र छत हटाईसकेको जिल्ला ट्राफिक प्रहरी प्रमुख नरेन्द्र बहादुर शाहीले जानकारी दिए।

कानुन विपरीत राखिएका हुट र छतलाई हटाउने कार्य चलाएका छौं ट्राफिक प्रहरी प्रमुख शाहीले भने,'अब जिल्लामा कुनै पनि सवारीसाधन हुट र छत बिनाका चल्ने छन् ।' हुट र छतमा अनावश्यक सामान र मानिस बोकेर हिड्ने सवारीसाधनलाई कडा कारवाही हुन्छ शाहीले भने । दुर्घट्नाबाट जोगिन ट्राफिक प्रहरी मात्रै लागेर नहुने यसमा सबैको साथ सहयोग आवश्यक रहेको शाहीले बताए।




बिशेषगरी जिल्लाका भित्री सडकमा चल्ने पिकअप भ्यानले आफुखुशी हुट र छतहरु राखेर चलाउदै आएका थिए । भित्री सडकमा दुर्घट्ना बढ्न थालेपछि जिल्ला ट्राफिक प्रहरी एक्सनमा उत्रेको छ । ट्राफिक प्रहरी मातहतका चौकीहरुले एकैसाथ ग्रामिण क्षेत्र र राजमार्गमा चल्ने सवारीसाधनको हुट र छत हटाउन सक्रियता बढाएका हुन् । अब स्याङ्जा भित्र चल्ने र बाहिरबाट आउने जुनसुकै सवारीसाधन छत र हुट बिनाका हुने शाहीले बताए । 'ट्राफिक नियमको पालना, सभ्य समाजको सृजना' भन्ने नारा सहित जिल्ला ट्राफिक प्रहरीले दुर्घट्ना न्युनिकरण अभियान जिल्लाभर चलाएको छ । ट्राफिक प्रहरीले देखाएको सक्रियतालाई सरोकारवाला निकायले प्रशंसा गरेका छन् । यो अभियानले ग्रामीण क्षेत्रको यातायातलाई थप व्यवस्थित बनाउने विश्वास सरोकारवाला निकायले लिएका छन् । ट्राफिक प्रहरीको नियम पुर्ण पालना गर्न सकेमा सुरक्षित यात्रा हुने अपेक्षा लिइएको छ।

यो आर्थिक बर्षको जेठ १५ गतेसम्म १८ ओटा साना र ठुलागरी दुर्घना भएका छन् भने यस दुर्घट्नाबाट ७ जनाले ज्यान गुमाएका छन् । गएको आर्थिक बर्षको तुलनामा दुर्घट्ना बढेपनि मृत्यू हुनेको संख्या भने घटेको ट्राफिक प्रहरी प्रमुख शाहीले बताए। उनका अनुसार गत आर्थिक बर्षमा १६ दुर्घट्ना र ९ जनाको मृत्यू भएको थियो।

जिल्लालाई सुरक्षित यात्रा बनाउने अवधराणा अनुसार ट्राफिक प्रहरीले मुख्य–मुख्य शहरहरुमा व्यवस्थित पार्किङ्को व्यवस्था गरेको छ। सिद्धार्थ राजमार्गमा पर्ने पुतलीबजार, बयरघारी, वालिङ र गल्याङ बजारमा अवेवस्थित पार्किङ्लाई स्थानीय सरकारको समन्वयमा व्यवस्थित बनाइएको छ। जसले गर्दा बजारमा किनमेल गर्न आउने पैदलयात्रु र राजमार्गमा चल्ने सवारीसाधनलाइ् आवागमनमा निकै सहज हुन पुगेको बयरघारी ट्राफिक पोष्टका प्रमुख राजेन्द्र नेपालीले बताए।

कानुन विपरीत सवारी साधन चलाउने, मापसे र लापसे गरी सवारी साधन चलाउने चालकलाई समेत २४सै घण्टा निगरानीमा राख्न थालेको छ । यो पटक मात्रै लापसे सेवनगरी सवारी चलाउने २१ जना चालक कारवाहीमा परेका छन् । कानुन विपरीत चल्ने सवारी साधनलाई कारवाही गर्दा यो आर्थिक बर्षको जेठ १८ गतेसम्म जिल्ला ट्राफिक प्रहरीले झण्डै १ करोड राजस्व संकलन गरेको छ।

# मगर खाम भाषामा पठनपाठन सुरु गर्दै रघुगा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा मगर खाम भाषामा पठनपाठन सुरु भएको छ। मगर समुदायको बाहुल्यता रहेका बस्तीका १४ वटा विद्यालयमा कक्षा १ मा मगर खाम भाषामा पठनपाठन गराउन थालिएको हो।

र घ ु ग ङ्ग ा गाउँपालिकाको सहयोगमा नेपाल पुनमगर समाजले तयार पारेको 'गेमीं मगर खाम' पुस्तक विद्यालयलाई हस्तान्तरण गरिएको गाउँपालिकाका अध्यक्ष भबबहादुर भण्डारीले बताउनुभयो। "मगर खाम भाषाको संरक्षण, पुनरुत्थान र अन्तरपुस्ता हस्तान्तरणको लागि पुस्तक तयार पारेर पठनपाठन सुरु गरिएको हो", उहाँले भन्नुभयो, "बालबालिकालाई दैनिक बोलीचाली र जीवनयापनमा बढी प्रयोग हुने शब्दावलीलाई पुस्तकमा समेटिएको छ।"

मगर खाम भाषा पठनपाठनका लागि जनशक्ति तयार पार्ने र क्षमता विकास गर्ने उद्देश्यले यसअघि



शिक्षकलाई सातदिने तालिम प्रदान गरिएको थियो । नेपाल पुनमगर समाज रघुगङ्गाका अध्यक्ष टीका पुर्जा पुनले मगर भाषाको महत्वलाई उजागर गरी नयाँ पुस्तालाई भाषाको ज्ञान दिन मातृ भाषामा पठनपाठन सुरु गरिएको बताउनुभयो।

महादेव मावि, पार्वती आधारभूत, कालिका मावि, जनता मावि, शिव आधारभूत, अमर मावि (चिमखोला), सिद्ध आधारभूत, महेन्द्र मावि, शिशुकल्याण आधारभूत, अमर मावि (पाखापानी), हरि आधार भूत, रायखोर र जनआदर्श आधारभूत विद्यालयमा मगर भाषामा पठनपान सुरु भएको उहाँले जानकारी दिनुभयो । नेपाल एकीकरणको समयदेखि तत्कालीन रिडीखोला/कालीगण्डकी नदीबाट पूर्वका १२ र पश्चिमका १८ मगर राज्यहरूको अस्तित्व मेटिएसँगै मगर खाम भाषा र लिपिको इतिहास मेटिँदै गएको जानकारहरू बताउँछन्।

रघुगङ्गा-१, ४, ५, ६ र ७ वडामा मगर समुदायको बाहुल्य बसोबास छ। वडा नं ८ कुइनेमङ्गले र वडा नं ६ को ठाँडाखानीमा अल्पसङ्ख्यक छन्त्याल समुदायको बसोबास छ । गाउँपालिकाका अध्यक्ष भण्डारीले छन्त्याल भाषामा पनि पठनपाठन गराउन पहल भएको बताउनुभयो। वडा नं २ भगवती र वडा नं ३ पिप्लेमा क्षेत्री, दलित, ब्राह्मण र ठकुरी समुदायको बसोबास छ।

# झाडी फाँडेर फलफूल बगैँचा

**रासस**
म्याग्दी, २२ जेठ

बेनी नगरपालिका-९ गिठिनीका सुजन चोखालले बाझिँएको पाखोबारीमा झाडी फाँडेर फलफूल बगैँचा स्थापना गर्नुभएको छ।

रामकृष्ण कृषि, पशुपन्छी तथा फलफूल नर्सरीका सञ्चालक २६ वर्षीय चोखालले पाखोबारीलाई सुन्तला, कागती, टिमुर, ओखर, किबी र अकबरे खुर्सानीखेती गरेर हराभरा बनाउनुभएको हो।

"बालिविज्ञान विषयको पढाइ सकेर २०७५ सालमा स्थापना गरेको फार्ममा फलफूलका बिरुवा उत्पादन गर्दै आएको थिएँ", उहाँले भन्नुभयो, "यसपालि उत्तिस र वनमाराले भरिएको दुई ठाउँमा ३० रोपनी बाँझो पाखोबारीमा झाडी फाडेर फलफूलखेती सुरु गरेको छु।"

पाँच सय सुन्तला, एक सय कागती, दुई सय टिमुर, ४० वटा ओखर र ३० बोट किबी लगाउनुभएका चोखालले सात



रोपनीमा 'मल्चिङ' विधिबाट अकबरे खुर्सानीखेती गर्नुभएको छ। उहाँको फार्ममा पाँच हजार सुन्तला र सात हजार कागतीका बिरुवा छन्। सात हजार तीनपाते सुन्तला, सात-सात सय टिमुर र अम्बाको बिरुवा तयारी अवस्थामा छन्।

"नर्सरीका सबै बिरुवा बिक्री भयो भने रु १५ लाख आम्दानी हुने अनुमान गरेको छु", चोखालले भन्नुभयो, "फलफूलखेती र बिरुवा उत्पादनका साथै पाँच सय स्थानीय जातका कुखुरा र दुई सय ५० कालिज पनि पालेको छु।" माछा र माहुरी पनि पालिएको उक्त फार्ममा १६ रोपनीमा अदुवाखेती भएको छ। बेनी नगरपालिका-२ बगरफाँटमा केराखेती पनि सुरु भएको छ।

रघुगङ्गा गाउँपालिका-२ मा रहेको मुक्तिधाम माध्यमिक विद्यालयमा कृषि प्राविधिक विषयको सहायक प्रशिक्षक रहेका चोखाल साँझ, बिहान र बिदाको समयमा फार्ममा व्यस्त हुनुहुन्छ। उहाँलाई भाइहरू पशु प्राविधिक राम र इन्जिनियरिङ अध्ययन गरेका कृष्णले फार्म सञ्चालनमा सघाउँदै आउनुभएको छ।

वार्षिक रु २० लाखदेखि रु २५ लाखको कारोबार हुने फार्ममा घरपरिवारका सदस्यबाहेक सिजनमा ७० देखि ८० जनाले रोजगारी पाएका सञ्चालक चोखालले बताउनुभयो । कृषि विकास कार्यालयले नर्सरीको पलास्टिक घर निर्माण र अदुवाखेतीका लागि सहयोग गरेको छ। चोखाल दाजुभाइ नर्सरी, कुखुरापालन र फलफूलखेतीबाट स्वरोजगार र आत्मनिर्भर बन्नुभएको छ । रोजगारी र अवसरको खोजीमा धेरै युवा विदेश र बजार पलायन भइरहेकोसमयमाचोखालदाजुभाइले बाँझिएको पाखोबारीलाई हराभरा बनाएर सकारात्मक सन्देश दिएका उहाँका छिमेकी सन्दीप खत्रीले बताउनुभयो । बिरुवा, फलफूल र कुखुरा खरिदका लागि ग्राहक फार्ममै आउँछन्। बजारको समस्या छैन। काम गर्ने जनशक्ति नपाउनु फार्म सञ्चालनमा मुख्य चुनौती बनेको सञ्चालक चोखालले बताउनुभयो।

# माउन्ट अन्नपूर्णमा वातावरण दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २२ जेठ

पोखरा ३ नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माविले विश्व वातावरण दिवसको अबसर पारेर सरसफाइ कार्यक्रम आयोजना गरेको छ।

बिद्यालयले विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी विद्यालय वरिपरिका साथै बिन्दाबासिनी बसपार्क, पोखरा बाग्लुङ राजमार्ग, अर्चलबोट,भैरवटोल नदिपुर लगाएत क्षेत्रमा सरसफाई गरेको हो । वातावरण संरक्षण र सरसफाइप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको विद्यालय प्रशासनले जनाएको छा

कार्यक्रममा आफ्नो भनाई राख्दै पोखरा महानगरपालिका वडा २ का वडा अध्यक्ष दिवसमान प्रधानाङ्गले स्वच्छ वातावरण निर्माणका लागि विद्यालयस्तरबाट सञ्चालन हुने यस्ता कार्यक्रम प्रभावकारी हुने बताए। उनले वातावरण संरक्षण केवल एक दिनको अभियानमा सीमित नरही दैनिक जीवनशैलीको हिस्सा बन्नुपर्ने उल्लेख गर्दै माउन्ट अन्नपूर्ण बिद्यालयले संयोजन गरेको कार्यक्रमले समाजमा सकरात्मक सन्देश दिने बताए।




विद्यालयका प्राचार्य सइन्द्रराज श्रेष्ठले विश्व वातावरण दिवसले वातावरण संरक्षणप्रति सबैलाई जिम्मेवार बन्न प्रेरित गर्ने बताए । उनले विद्यालयले विद्यार्थीमा वातावरणीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएको उल्लेख गरे। बिद्यालयका अतिरिक्त क्रियाकलाप निर्देशक तेजबहादुर गुरुङले वातावरण संरक्षणका लागि व्यवहारिक अभ्यास आवश्यक रहेको बताए । उनले विद्यार्थीलाई सानैदेखि सरसफाइ र वातावरणीय सचेतनासम्बन्धी गतिविधिमा सहभागी गराउँदा सकारात्मक संस्कारको विकास हुने धारणा राखे। 'एक दिन मात्र फोहोर टिपेर समस्याको स्थायी समाधान त हुँदैन, तर हामी समाजलाई एउटा सकारात्मक सन्देश दिन चाहन्छौं 'गुरुङले थपे । यसै बिच बिद्यालयले उक्त दिवसको अबसर पारेर निवध लेखन प्रतियोगिता र बिद्यालय परिसरमा बृक्षरोपण कार्यक्रम समेत सम्पन्न गरेको अतिरिक्त क्रियाकलाप संयोजक उमेश खनालले बताए । संयुक्त राष्ट्र सङ्घीय वातावरण कार्यक्रमको आह्वानमा हरेक वर्ष जुन ५ तारिखमा यो दिवस विश्वभर मनाउने गरिन्छ। सन् १९७३ देखि विश्व वातावरण दिवस मनाउन सुरु गरिएको हो।

# वैदेशिक रोजगार व्यवसायीले श्रमिकको नियमित अनुगमन गर्नुपर्ने

**रासस**
काठमाडौं, २२ जेठ

विदेशमा कार्यरत नेपाली श्रमिकहरूले रोजगार सम्झौताअनुसार तलब, सेवा-सुविधा तथा सुरक्षित आवास नपाएको लगायतका गुनासो बढ्दै गएपछि सरकारले वैदेशिक रोजगार व्यवसायी तथा सम्बन्धित निकायलाई श्रमिकहरूको नियमित अनुगमन गर्न निर्देशन दिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले युवा, श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई पत्र लेख्दै नियमित अनुगमन कार्यान्वयन गराउनका लागि निर्देशन दिएको हो । पत्रमा वैदेशिक रोजगारमा गएका नेपाली श्रमिकहरूको हक, हित, सुरक्षा तथा श्रम अधिकारको प्रभावकारी संरक्षणका लागि विभिन्न व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिइएको छ।

निर्णयअनुसार इजाजतपत्रप्राप्त सबै वैदेशिक रोजगार व्यवसायीले आफूहरूले विदेश पठाएका श्रमिकहरूको नियमित अनुगमन गर्नुपर्नेछ । प्रत्येक श्रमिक समूहबाट कम्तीमा पाँचदेखि १० जनासम्मसँग प्रत्यक्ष सम्पर्क गरी रोजगार सम्झौताअनुसार तलब, सेवासुविधा, आवास, कार्य वातावरण तथा अन्य सर्तहरूको कार्यान्वयन अवस्थाबारे जानकारी सङ्कलन गर्नुपर्ने व्यवस्था गरिएको छ।

सङ्कलित विवरणको व्यवस्थित अभिलेख राखी आवश्यक पर्दा सम्बन्धित निकायलाई उपलब्ध गराउनुपर्ने छ । साथै रोजगार सम्झौताविपरीत अवस्था भेटिएमा सम्बन्धित रोजगारदाता कम्पनीसँग तत्काल समन्वय गरी समस्या समाधान गर्नुपर्ने निर्देश गरिएको छ । सरकारले विदेश जानुअघि प्रत्येक श्रमिकलाई रोजगार सम्झौता, गन्तव्य मुलुकको कानुन, श्रम अधिकार, उपलब्ध सेवासुविधा तथा गुनासो दर्ता प्रक्रियाबारे स्पष्ट जानकारी दिनुपर्ने व्यवस्था पनि लागू गर्न आग्रह गरेको छ । त्यसैगरी, विदेशमा रहेका श्रमिकले समस्या भोग्नुपरेमा सम्बन्धित वैदेशिक रोजगार व्यवसायीले तत्काल सुनुवाइ गरी समाधान प्रक्रिया अघि बढाउनुपर्ने र आवश्यक परे उद्धार तथा क्षतिपूर्तिका लागि सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने उल्लेख गरिएको छ। समस्या समाधान नभएमा श्रमिकहरूले परराष्ट्र मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, हेलो सरकार, समाधान कल सेन्टर, नेपाली राजदूतावास वा महावाणिज्य दूतावास, वैदेशिक रोजगार विभाग तथा अन्य सरकारी संयन्त्रमार्फत गुनासो दर्ता गर्न सक्ने व्यवस्था प्रभावकारी बनाउन पनि निर्देशन दिइएको छ । सरकारले रोजगार सम्झौताविपरीत कार्य गर्ने रोजगारदाता कम्पनी, श्रमिकको नियमित अनुगमन नगर्ने वैदेशिक रोजगार व्यवसायी तथा गुनासो व्यवस्थापनमा लापरवाही गर्ने पक्षमाथि प्रचलित कानुनबमोजिम कारबाही गरिने स्पष्ट गरेको छ।

साथै, विदेशमा रहेका नेपाली श्रमिकहरूको अवस्थासम्बन्धी नियमित प्रतिवेदन सङ्कलन, विश्लेषण तथा अनुगमन गरी श्रमिक हित संरक्षणका लागि आवश्यक नीतिगत तथा संस्थागत सुधारका कार्यक्रम अघि बढाइने जनाइएको छ।

# आठ विश्वविद्यालयका लागि उपकुलपतिको 'सर्टलिस्ट' सार्वजनिक

**रासस**
काठमाडौं, २२ जेठ

विभिन्न आठ विश्वविद्यालयको उपकुलपति पदका लागि प्राप्त आवेदनमध्ये अल्पसूची (सर्टलिस्ट) मा परेका उम्मेदवारहरूको नामावली सार्वजनिक गरिएको छ।

उपकुलपति पदमा नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिको आजको बैठकले त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयकाको उपकुलपतिको उम्मेदवारको सर्टलिस्ट सार्वजनिक गरेको हो।

'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' बमोजिम पहिलो पटक एकीकृत प्रक्रियामार्फत उपकुलपति नियुक्ति प्रक्रिया अघि बढाइएको हो।

स र्ट लि स्ट अ नु सा र त्रिभुवन विश्वविद्यालयमा, पूर्वाञ्चल विश्वविद्यालयमा, पोखरा विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, कृषि तथा वन विज्ञान विद्यालयमा समान १० र लुम्बिनी बौद्ध विश्वविद्यालयमा सात जना उम्मेदवार रहनुभएको छ। सर्टलिस्टमा रहेका उम्मेदवारहरूका सम्बन्धमा यही जेठ २५ गतेभित्र राय सुझाव दिन सकिने छ।

प्राप्त सुझाव र मूल्याङ्कनका आधारमा अन्तिम सिफारिस प्रक्रिया अघि बढाइने जनाइएको छ । उपकुलपति पदका लागि कूल २१८ वटा आवेदन परेका थिए। त्यसमध्ये विज्ञले दिएको नम्बरको आधारमा अल्पसूची सार्वजनिक गरिएको हो।

सरकारले गत वैशाख २४ गते त्रिभुवन विश्वविद्यालयसहित आठ विश्वविद्यालयमा रिक्त उपकुलपति पदका लागि दरखास्त आह्वान गरेको थियो। छनोट तथा सिफारिस समितिको जेठ १३ गते बसेको बैठकले प्राप्त आवेदनहरूको प्रारम्भिक परीक्षण गरी योग्य आवेदकहरूको दरखास्त स्वीकृत गरेको थियो।